नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# राष्ट्रिय आर्थिक गणना, २०८२

## इ-सेन्सस सम्बन्धी जानकारीमूलक पर्चा

### १. राष्ट्रिय आर्थिक गणना, २०८२ को परिचय

नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.सं. २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म देशभर **"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"** भन्ने नारा तय गरी **"राष्ट्रिय आर्थिक गणना, २०८२"** सञ्चालन गर्दैछ। यो गणना देशको आर्थिक संरचना बुझ्न, रोजगारीको अवस्था थाहा पाउन र भविष्यका आर्थिक योजनाहरू बनाउनका लागि गरिने एक बृहत् राष्ट्रिय कार्यक्रम हो।

यस गणनामा देशभरका सबै उद्योग, व्यापार, सेवा क्षेत्र र साना-ठूला व्यवसायहरूको विवरण सङ्कलन गरिन्छ। तपाईंले दिनुभएको तथ्याङ्कले नै देशको समृद्धिको बाटो तय गर्ने हुनाले सही र पूर्ण विवरण उपलब्ध गराउनु सबै नागरिकको कर्तव्य हो।

### २. तथ्याङ्कको गोपनीयताः

तपाईंले उपलब्ध गराउनुभएको व्यक्तिगत वा व्यावसायिक विवरणहरू तथ्याङ्क ऐन, २०७९ अनुसार पूर्ण रूपमा गोप्य रहनेछन् र यसलाई केवल योजना तर्जुमा र तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।

### ३. इ-सेन्सस (e-census) कसरी भर्ने ?

मुख्य प्रश्नावलीमा भएका विवरणहरू प्रतिष्ठान वा व्यवसाय आफैंले अनलाइन माध्यमबाट भर्न सक्ने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार पारेको प्लेटफर्म नै **इ-सेन्सस** हो।

प्रविधिमैत्री गणनाका लागि यस पटक उत्तरदाता आफैंले इन्टरनेटमार्फत विवरण भर्न सक्ने सुविधा मिलाइएको छ।

### इ-सेन्सस (e-census) मार्फत विवरण भर्नाको लागि तल दिइए अनुसारको प्रक्रिया अवलम्वन गर्नुहोसः

1. **पोर्टलमा फाराम भर्नु अगाडि :** आफ्नो प्रतिष्ठानको नाम, दर्ता नम्बर, लगानी, कर्मचारी संख्या र वार्षिक कारोबार जस्ता विवरणहरू उपलब्ध गराइएको कागजी प्रश्नावली फाराममा विवरणहरू भर्नुहोस् । जसले पोर्टलमा विवरण भर्न सजिलो हुन्छ।
2. **पोर्टलमा जानुहोस्:** गणनाको आधिकारिक वेबसाइट **ecensus.nsonepal.gov.np** मा जानुहोस्।
3. **लग-इन गर्नुहोस्:** गणकले उपलब्ध गराएको **Username** र **Password** प्रयोग गरी लग-इन गर्नुहोस्।
4. **पासवर्ड परिवर्तनः** पहिलो पटक लग-इन गरेपछि अनिवार्य रूपमा पासवर्ड परिवर्तन गर्नुपर्नेछ। नयाँ पासवर्ड कम्तिमा ४ अक्षर, अंक वा संकेतको हुनुपर्दछ ।
5. **अनिवार्य विवरणः** प्रश्नावलीमा रातो स्टार (*) मार्क लगाइएका प्रश्नहरूको उत्तर दिनु अनिवार्य छ ।
6. **अङ्कहरु प्रविष्टिः** सबै अङ्कहरु अनिवार्य रुपमा अङ्ग्रेजीमा प्रविष्टि गर्नुपर्दछ।
7. **भौगोलिक सूचनाः** प्रश्नावलीको पहिलो पृष्ठमा गणकले उपलब्ध गराउने प्रदेश, जिल्ला, पालिका, वडा, गणना क्षेत्र नम्बर र प्लस कोड जस्ता विवरणहरू अनिवार्य रूपमा भर्नुपर्दछ ।
8. **खण्डहरू परिवर्तनः** एउटा खण्डको प्रश्नहरू भरिसकेपछि 'Next' बटन थिचेर अर्को खण्डमा जान सकिन्छ।
9. **Error सच्याउनेः** यदि कुनै अनिवार्य प्रश्न छुट्यो वा गलत विवरण भरियो भने 'Error Message' आउनेछ। यस्तो अवस्थामा फेरी सहि विवरण भरेर **Next** क्लिक गर्नुपर्दछ।

10. **विवरण रुजु गर्नुहोस्:** सबै विवरण भरिसकेपछि 'Submit' गर्नु अगाडि एकपटक सबै खण्डहरू पुनः जाँच (Review) गर्नुपर्दछ ।

11. **सबमिट (Submit) गर्नुहोस्:** सबै प्रक्रिया पुरा भएपछि फाराम सबमिट गरेर प्राप्त 'Submission Receipt' सुरक्षित राख्नुहोस् ।

## ४. प्रतिष्ठानको विवरण

तपाईंको प्रतिष्ठानको इ-सेन्ससका लागि आवश्यक पहिचान विवरणहरू निम्न बमोजिम छन्:

**क) लग-इन:**

- **प्रयोगकर्ताको नाम (Username):** ..........................
- **पासवर्ड (Password):** ..........................................
- **नयाँ पासवर्ड (उत्तरदाताले आफै भर्ने) :** ..................................(यसलाई सुरक्षित राख्नुहोस्)

**ख) विवरण :**

- प्रदेश: ....................................................
- जिल्ला: ....................................................
- गाउँपालिका/नगरपालिका: ...........................................
- वडा नम्बर: | | |
- गणना क्षेत्र नम्बर: | | |
- गणना उपक्षेत्र नम्बर: | | |
- प्लस कोड (Plus Code): | | | | | | | | | + | | |
- प्रतिष्ठान क्रमसङ्ख्या: | | | |

### थप जानकारीका लागि:

जिल्ला आर्थिक गणना कार्यालय ...............................

सम्पर्क नम्बर ...........................................................

गणकको नाम ...........................................................

गणकको नम्बर ...........................................................


**राष्ट्रिय तथ्याङ्क कार्यालय**
थापाथली, काठमाडौं
वेबसाइट: ec.nsonepal.gov.np
इमेल: ecocen@nsonepal.gov.np
टोल फ्रि नं: ११७८